बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

सामाजिक विकास कार्यालय गजुरी, धादिङ

प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१२ गते)

बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय गजुरी, धादिङको चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रसुवा, नुवाकोट र धादिङ जिल्ला कार्यक्षेत्रमा रहेका जिल्ला सेवा केन्द्र/सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा (Safe House) का लागि सहयोग कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक सामाजिक संस्थाहरुले कार्यक्रम सञ्चालनका लागि तपसिलका कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (अन्तिम मिति २०८३/०६/२६ गतेसम्म) कार्यालय समयभित्र यस कार्यालयमा सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वियन तथा व्यवस्थापन निर्देशिका, २०७८ को अनुसूची १ बमोजिमको प्रस्तावपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

कार्यक्रमको नाम	पेश गर्नुपर्ने कागजातहरु
जिल्ला सेवा केन्द्र/सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा(Safe House) का लागि सहयोग कार्यक्रम	१ निर्देशिकाको अनुसुचि १ बमोजिमको अनुदान कार्यक्रमको प्रस्तावपत्र २ प्रचलित कानुन बमोजिम संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि ३ समाजकल्याण परिषदमा आबद्दता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि ४ स्थायी लेखा प्रमाणपत्र नम्बर र पछिल्लो आ.व. को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ५ संस्थाको विधान र अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन ६ सञ्चालक समिति/व्यवस्थापन समिति/कार्यकारी समितिको अनुदान माग गर्नेसम्वन्धी निर्णयको प्रतिलिपि ७ अनुदानबाट संचालन हुने कार्यक्रममा माग गरिएको रकमको क्रियाकलापगत विभाजन
	८ चालु आ व मा अन्य निकायबाट उल्लेखित शिर्षकमा अनुदानमा बजेट स्वीकृत नभएको र उक्त संस्था हाल सञ्चालनमा रहेको व्यहोरा सहितको सम्वन्धित स्थानिय तहको सिफारीस।

कार्यक्रम प्रस्ताव पत्र तयार तथा पेश गर्दा ध्यान दिनुपर्ने मुख्य बुँदाहरु

- कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप मात्र प्रस्ताव गर्नु पर्ने,
- प्रस्तावित कार्यक्रमको आवश्यकता, औचित्य र अपेक्षित प्रतिफल बिचमा सहसम्बन्ध हुनुपर्ने,
- प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएको पत्र,
- बागमती प्रदेश सरकारको स्वीकृत खर्चको मापदण्ड बमोजिम कार्यक्रम खर्चको प्रस्ताव गर्नु पर्नेछ,
- म्याद नाघि पेश हुन आएको प्रस्ताव पत्र उपर कुनै कारबाही हुने छैन, साथै चालु आ.व.मा स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय तथा यस कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेको संस्थाले कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गर्न पाउने छैन।

पुनश्चः प्रस्तावना पेशको लागि आवश्यक अनुसूचि १ बमोजिमको अनुदान कार्यक्रम प्रस्तावपत्रको नमुना सामाजिक विकास कार्यालय गजुरी, धादिङको वेबसाईट https://www.sdodhading.bagmati.gov.np मा हेर्न तथा ९८५१४००५६८ मा सम्पर्क गर्न सकिनेछ।

2083/06/12

(रमेश घिमिरे)

कार्यालय प्रमुख

कार्यालय प्रमुख